Email:mosdkailali07@gmail.com
Website: mosd.sudurpashchim.gov.np
०९१-५२४५६३ (प्रशासन)
०९१-५२७१०६ (उच्च शिक्षा)
०९१-५२६०५८ (कानून शाखा)

सुदूरपश्चिम प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कैलाली, नेपाल

प सः- २०८२/०८३
च नं:-६६

मितिः २०८२।०४।१२

विषयः- आवेदन पेश गर्ने बारे ।

श्री इच्छुक र योग्य विद्यार्थीहरु सबै ।

प्रस्तुत विषयमा काठमाण्डौं विश्वविद्यालय रजिष्ट्रारको कार्यालयको प सं ३०/१४६४/२०८१/०८२ को प्राप्त पत्रानुसार उक्त विश्वविद्यालयमा स्नातक तहमा **शिक्षण शुल्क छात्रवृत्तिका** लागि तोकिएका विषयहरुः BE in Mining Engineering, BE in Chemical Engineering, BE in Environmental Engineering, Bachelor in Health Informatics, BSc in Environmental Science, BSc in Agriculture मा प्रत्येक विषयमा १/1 जनाको नाम सिफारिस गरिदिने बारे लेखि आएको हुंदा यस प्रदेशमा स्थायी ठेगाना भएका, चालु शैक्षिक वर्ष २०८२ मा कक्षा १२ मा विज्ञान विषयको अध्ययन पूरा गरेका, माथि तोकिएका जुनसुकै विषयमा पनि अध्ययन गर्न इच्छुक भएका, उक्त विश्वविद्यालयको नियमानुसार शिक्षण शुल्क बाहेक लाग्ने अन्य शुल्क व्यहोर्न सक्षम र इच्छुक विद्यार्थीहरुले देहायका कागजातहरु स्पष्टसँग देखिने गरी एउटै Pdf file मा Scan गरेर इमेल mosdheducation@gmail.com मा यहि मिति २०८२।०४।१८ गते कार्यालय समयभित्र आइपुग्ने गरी आवेदन पेश गर्न हुन अनुरोध छ ।

जयदेव महरा
वरिष्ठ शिक्षा अधिकृत

**स्क्यान गरी पठाउनु पर्ने कागजातः**

१. यसै पत्रका साथ संलग्न ढाँचाको निवेदनमा सबै विवरण स्पष्ट खुलेको निवेदन ।
२. कक्षा ८, १०, ११ उत्तीर्ण गरेको मार्कसिट र सर्टिफिकेट (यस सूचनाको म्याद भित्र कक्षा १२ को परीक्षाफल प्रकाशन भएमा कक्षा १२ को मार्कसिट) ।
३. विद्यार्थीको नागरिकताको प्रमाण पत्र (दुवै साइडको)
४. स्थायी ठेगाना रहेको वडाबाट अभिभावक (आमा/बाबु) को पेशा वा रोजगारीको अवस्था र अनुमानित वार्षिक आम्दानी खुलेको सिफारिस पत्र ।
५. अभिभावक (आमा / बाबु) सरकारी वा निजी संस्थामा कर्मचारी भए अभिभावकको कार्यरत कार्यालयबाट मासिक आम्दानी खुल्ने पत्र
६. दलित, आदिवासी, जनजातिको हकमा सम्बन्धित निकायबाट व्यहोरा प्रमाणित गरेको कागजात
७. अभिभावक गरीब वा विपन्न नागरिक भए नेपाल सरकारबाट उपलब्ध भएको विपन्न नागरिक परिचयपत्र

नोटः १. यी सबै कागजातहरु एउटै पिडीएफ फाइलमा स्क्यान गरी एक पल्ट मात्रै पठाउनु पर्नेछ । प्राप्त भएको बारे इमेलबाटै जानकारी गरिनेछ ।

२. छनौट भएका विद्यार्थीलाई छनौट भएको विषय अनुसार लाग्ने जम्मा शुल्क मध्ये शिक्षण शुल्कको रकम मात्रै छुट हुने र विश्वविद्यालयको नियमानुसार थप शुल्कः भर्ना, रजिष्ट्रेशन, विकास, अन्य शुल्क, सुरक्षा शुल्क, स्वास्थ्य विमा शुल्क विद्यार्थीले व्यहोर्नु पर्ने व्यहोरा पनि अवगत गराइन्छ ।

# शिक्षण शुल्क छात्रवृत्तिका लागि दिइने निवेदनको ढाँचा

यस ढाँचामा ....... ले संकेत गरिएका खाली ठाँउमा सबै विवरण स्पष्ट देखिने गरी भर्ने ।

श्रीमान सचिवज्यु
सामाजिक विकास मन्त्रालय
सुदूरपश्चिम प्रदेश ।

सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालय धनगढी, कैलाली २०७४

मितिः..........................

विषयः शिक्षण शुल्क छात्रवृत्तिका लागि सिफारिस गरिपाउँ बारे ।

प्रस्तुत विषयमा काठमाण्डौं विश्वविद्यालयमा इन्जिनिरिङ / विज्ञान विषयको स्नातक तह शिक्षण शुल्क छात्रवृत्तिमा अध्ययन गर्नका लागि इच्छुक भएकोले तपसिलका बिवरण सहित सिफारिसका लागि यो निवेदन पेश गरेको छु ।

तपसिलः

नामः ...................................................... सम्पर्क मोबाइल नः......................................इमेलः............................

एकीकृत शैक्षिक सूचना प्रणालीमा विद्यार्थीको IEMIS NO: .....................................................

स्थायी ठेगानाः जिल्ला..........................पालिका......................................................वडा नः........................

अस्थायी ठेगानाः जिल्ला............................ पालिका ..................................................वडा नः..............................

बाबुको नामः.....................................................आमाको नामः..................................................................

बाबुको पेशाः....................................................आमाको पेशाः..................................................................

परिवारको बार्षिक आम्दानी अनुमानित....................................................................................................

दलित/ जनजाति/अन्य :.................................. लिङ्गः.............................

विपन्न नागरिक परिचयपत्र छ वा छैनः ..............................................

राष्ट्रिय परिचयपत्र (National ID) नं..............................................................

उत्तीर्ण गरेको कक्षा तहको GPA/ CGPA र उत्तीर्ण गरेको बर्षः

| | कक्षा ८ | कक्षा १० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|---|
| GPA/CGPA | ............ | ............ | ............ | ............ |
| उत्तीर्ण गरेको बर्ष | ............ | ............ | ............ | ............ |

अध्ययन गर्न चाहेको प्राथमिकताक्रम

| क्रसं | विषय | प्राथमिकता नं |
|---|---|---|
| १ | B E in Mining Engineering | ............ |
| २ | B E in Chemical Engineering | ............ |
| ३ | BE in Environmental Engineering | ............ |
| ४ | Bachelor in Health Informatics | ............ |
| ५ | B Sc in Environmental Science | ............ |
| ६ | B Sc in Agriculture | ............ |

बाँयाको तालिकाको प्राथमिकता कोलम भर्दा आफूले अध्ययन गर्न चाहेको पहिलो प्राथमिकतालाई १, दोस्रोलाई २, तेस्रोलाई ३, चौथोलाई ४, पाँचौलाई ५ र छैठौंलाई ६ लेखे । सबै विषयहरुलाई प्राथमिकीकरण गर्ने

माथि उल्लेख गरेका सबै विवरण स्पष्टसँग भरेको छु । उक्त बिबरण सत्य छन । शिक्षण शुल्क छात्रवृत्तिमा अध्ययन गर्ने अवसर प्राप्त गरेमा विश्वविद्यालयको नियमानुसार अनुशासित भई अध्ययन कार्यपूरा गर्नेछु । अध्ययन पश्चात देश तथा प्रदेशको समग्र विकासमा योगदान गर्नेछु । अध्ययनको प्रगति विवरण समय समयमा यस मन्त्रालयमा पेश गर्न मेरो मन्जुरी छ ।

विद्यार्थीको औंठाछापः

हस्ताक्षरः

..................................................

| दायाँ | बायाँ |
|---|---|
| | |

काठमाडौं विश्वविद्यालय
रजिष्ट्रारको कार्यालय

प.सं.३०/१४६४/२०८१/०८२

मिति : २०८२/०३/२६

माननीय मन्त्रीज्यू,
सामाजिक विकास मन्त्रालय,
सुदुरपश्चिम प्रदेश, नेपाल ।

**विषय : स्नातक तहमा छात्रवृत्तिका लागि विद्यार्थीहरू सिफारिस गरिदिन अनुरोध ।**

महोदय,

काठमाडौं विश्वविद्यालय सन् १९९१ मा स्थापना भएको नेपालको अग्रणी स्वायत्त र गैह्र-नाफामुखी उच्चशिक्षा प्रदान गर्ने संस्था हो । यस विश्वविद्यालयले गुणस्तरीय, नवप्रवर्तनमुखी र अनुसन्धानमा आधारित शिक्षा सातवटा स्कुलमार्फत सञ्चालन गर्दै आएको छ । विश्वविद्यालयलको स्कुल अफ इन्जिनियरिङ र स्कुल अफ साइन्समा २०८२-८३ का शैक्षिक कार्यक्रमहरूमा भर्ना प्रारम्भ भइसकेको पनि जानकारी गराउँदछौं । यस विश्वविद्यालयले सामाजिक विकास मन्त्रालयमार्फत प्रदेश स्तरमा कक्षा १२ मा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीहरूलाई शिक्षण शुल्कमा १००% छात्रवृत्ति प्रदान गर्ने निर्णय गरेको छ । यस छात्रवृत्ति कार्यक्रममार्फत प्रदेशका मेधावी विद्यार्थीहरूलाई गुणस्तरीय उच्च शिक्षामा पहुँच सहज बनाउन सकिने विश्वास लिएका छौं । उक्त छात्रवृत्ति सामाजिक विकास मन्त्रालयको सिफारिसमा प्रदान गरिनेछ, साथै छात्रवृत्तिका लागि निम्न कार्यक्रमहरू निर्धारण गरिएको छ ।

1. B.E. in Mining Engineering
2. B.E. in Chemical Engineering
3. B.E. in Environmental Engineering
4. Bachelor in Health Informatics
5. B.Sc. in Environmental Science
6. B.Sc. in Agriculture

माथि उल्लिखित प्रत्येक कार्यक्रममा छात्रवृत्तिका लागि एक-एकजना विद्यार्थी सिफारिस गरिदिनहुन हार्दिक अनुरोध गर्दछौं । छात्रबृत्तिका लागि योग्य विद्यार्थीहरूले आवश्यक प्रमाणहरू सहित आवेदन दिनुपर्नेछ । आवेदन दिने विद्यार्थीहरूको नाम, शैक्षिक प्रमाणपत्रहरू, प्राप्ताङ्क विवरणहरू, विषयगत प्राथमिकता, सम्पर्क लगायतका विवरण तथा आवश्यक कागजातहरू यस विश्वविद्यालयको स्कुल अफ इन्जिनियरिङको इमेल soe_office@ku.edu.np मा २०८२ साउन १६ गतेभित्र उपलब्ध गराई आवश्यक सहयोग तथा समन्वयका लागि हार्दिक अनुरोध गर्दछौं ।

प्रा. डा. राजीव श्रेष्ठ
रजिस्ट्रार

बोधार्थ :

- श्री उपकुलपतिको कार्यालय, काठमाडौं विश्वविद्यालय, धुलिखेल ।
- श्री डिनको कार्यालय, स्कुल अफ इन्जिनियरिङ, काठमाडौं विश्वविद्यालय, धुलिखेल ।
- श्री डिनको कार्यालय, स्कुल अफ साइन्स, काठमाडौं विश्वविद्यालय, धुलिखेल ।
- श्री भर्ना, समकक्षता, छात्रवृत्ति तथा पूर्वछात्र निर्देशनालय, काठमाडौं विश्वविद्यालय, धुलिखेल ।